# मासिक प्रतिवेदन

## २०८२ फागुन

परराष्ट्र मन्त्रालय
सिंहदरबार

**२०८२ फागुन महिनामा परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सम्पादित प्रमुख कार्यहरू:**

१.२०८२ फागुन १ गते प्रधानमन्त्री श्री सुशीला कार्कीले आमनिर्वाचन सफलतापूर्वक सम्पन्न गरेकोमा बङ्गलादेशी समकक्षीलाई दिनुभएको बधाई तथा शुभकामना सन्देशको तयारी एवम् सोको उच्च गन्तव्य सम्म पहुँचको लागि आवश्यक समन्वय गरिएको।

२.प्रधानमन्त्रीले संयुक्त अरब इमिरेट्सका राष्ट्रपति His Highness Sheikh Mohamed bin Zayed Al Nahyan र कतारका प्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री His Highness Sheikh Mohammed bin Abdulrahman Al Thani सँग विभिन्न समयमा गर्नुभएको टेलिफोन संवादका लागि आवश्यक समन्वय तथा सहजीकरण गरिएको।

३.२०८२ फागुन ११ गते प्रधानमन्त्रीले जेनेभामा आयोजित Human Rights Council को ६१औं उच्चस्तरीय बैठकलाई Virtual रूपमा सम्बोधन गर्नुभएको। सो अवसरमा उहाँले मानव अधिकार तथा आधारभूत स्वतन्त्रताप्रति नेपालको थप प्रतिबद्धता व्यक्त गर्नुभएको।

४.२०८२ फागुन १५ गते प्रधानमन्त्रीसँग नेपालका लागि चिनियाँ राजदूत र पाकिस्तानी राजदूतले गर्नुभएको शिष्टाचार भेटघाटको समन्वय गरिएको।

५.२०८२ फागुन ४ देखि ६ गते सम्म परराष्ट्रमन्त्री श्री बालानन्द शर्माले बङ्गलादेशका नवनियुक्त प्रधानमन्त्रीको शपथ ग्रहण समारोहमा सहभागिता जनाउनुभएको। सो भ्रमणका समयमा परराष्ट्र मन्त्रीले बङ्गलादेशका समकक्षीसँग शिष्टाचार भेट समेत गर्नुभएको। परराष्ट्रमन्त्रीको उक्त भ्रमणको तयारी, सहजीकरण तथा समन्वय गरिएको।

६.२०८२ फागुन ३० गते परराष्ट्रमन्त्रीले गैरआवासीय नेपाली संघको १२औं विश्व सम्मेलन र अन्तर्राष्ट्रिय साधारण सभाको उद्‌घाटन गर्नुभएको। उक्त सम्मेलनका लागि आवश्यक तयारी, समन्वय तथा सहजीकरण गरिएको।

७.२०८२ फागुन २६ गते परराष्ट्रमन्त्रीको अध्यक्षतामा गैरआवासीय नेपाली संघको १२औं विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय साधारण सभा आयोजना गर्न गठित उच्चस्तरीय आयोजक समितिको बैठक सञ्चालन गरी उक्त सम्मेलनका लागि आवश्यक समन्वय, तयारी तथा व्यवस्थापन गरिएको।

८.परराष्ट्र मन्त्रीसँग चीन, कतार र साउदी अरेबियाका राजदूत तथा संयुक्त राष्ट्रसंघका आवासीय संयोजक तथा माल्दिभ्स र टर्कीका गैरआवासीय राजदूत, अमेरिकाको Indo-Pacific Command का Commander र नेपालस्थित अमेरिकी राजदूतावासका कार्यवाहक राजदूतहरूले विभिन्न मितिमा मन्त्रालयमा गर्नुभएको शिष्टाचार भेटघाटको तयारी, समन्वय तथा सहजीकरण गरिएको।

९.२०८२ फागुन २७ गते परराष्ट्रमन्त्री र परराष्ट्र सचिव श्री अमृतबहादुर राईको उपस्थितिमा पश्चिम एसियामा विकसित भैरहेका घटनाक्रम, त्यहाँ रहेका नेपाली नागरिकहरूको अवस्था र नेपालको प्रस्तावमा हरेक वर्ष १५ अप्रिललाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय आरोग्य दिवस (International Wellness Day) मनाउने घोषणा गरेको लगायतका विषयमा प्रेस ब्रिफिङ आयोजना गरिएको।

१०.२०८२ फागुन ८ गते नेपाल-पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठक लिस्बनमा आयोजना भएको। परराष्ट्र सचिव श्री अमृत बहादुर राईको नेतृत्वको एक प्रतिनिधिमण्डल सो बैठकमा सहभागी भएको। परराष्ट्र सचिव तथा पोर्चुगलका समकक्षीको संयुक्त उपस्थितिमा नेपाली राजदूतावास, लिस्बनको चान्सरी भवनको समुद्घाटन गरिएको। भ्रमणका क्रममा परराष्ट्र सचिवले पोर्चुगलको परराष्ट्र मन्त्रालयका उच्च पदस्थ अधिकारीहरूसँग शिष्टाचार भेटघाट तथा त्यहाँ रहेका नेपाली समुदायसँग विभिन्न विषयमा छलफल गर्नुभएको।

११.२०८२ फागुन १९ गते दक्षिण-पूर्वी एसियाका केही मुलुकहरूमा हुने Online Scamming, पश्चिम एसियामा रहेका नेपाली नागरिकहरूको सुरक्षा, हित तथा कल्याणको सुनिश्चितताका लागि परराष्ट्र मन्त्रालय र त्यहाँस्थित नेपाली नियोगहरूले गरेका कामकाजका विषयमा नियमित प्रेस ब्रिफिङ तथा इजरायल, इरान र पश्चिम एसियामा रहेका नेपालीहरूका लागि ट्राभल एड्भाइजरी जारी गरिएको।

१२.२०८२ फागुन १९ गते पश्चिम एसियामा रहेका नेपाली नागरिकहरूको अद्यावधिक विवरण संकलनका लागि कन्सुलर सेवा विभागद्वारा अनलाइन दर्ता प्रणाली सञ्चालनमा ल्याइएको।

१३.पश्चिम एसियाको पछिल्लो परिस्थिति तथा त्यहाँ रहेका नेपाली नागरिकहरूको अवस्था र परिस्थितिका सम्बन्धमा नियमित रूपमा प्रेस ब्रिफिङ आयोजना गरी सूचना सम्प्रेषण गरिएको।

१४.२०८२ फागुन २० गते परराष्ट्र मन्त्रालयमा Emergency Control Room स्थापना गरी पश्चिम एसियामा विकसित घटनाक्रम र त्यहाँ रहेका नेपालीको सुरक्षाका लागि विवरण संकलन लगायत सहयोगका लागि चौबीसै घण्टा (२४/७) हटलाईन संचालन, ईमेलको प्रतिउत्तर तथा गुनासो व्यवस्थापनको कार्य भइरहेको।

१५.२०८२ फागुन २० गते पश्चिम एसियामा रहेका नेपाली नागरिकहरूको सुरक्षा, हित तथा कल्याणको सुनिश्चितताका लागि परराष्ट्र सचिवको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू सम्मिलित Emergency Response Team को गठन भएको। उक्त समितिको बैठक नियमित रूपमा सञ्चालन भइरहेको।

१६.परराष्ट्र सचिवसँग चीन, साउदी अरेबिया र अष्ट्रेलियाका राजदूत तथा संयुक्त राष्ट्रसंघका आवासीय संयोजक तथा माल्दिभ्स र टर्कीका गैर आवासीय राजदूतहरूले विभिन्न मितिमा मन्त्रालयमा गर्नुभएको शिष्टाचार भेटघाटको तयारी, समन्वय तथा सहजीकरण गरिएको।

१७.२०८२ फागुन २१ गते सम्पन्न आम निर्वाचनको पर्यवेक्षणकालागि विभिन्न मुलुकबाट आउनु भएका निर्वाचन पर्यवेक्षकहरूलाई र नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधिहरूलाई निर्वाचनको सफल पर्यवेक्षणका लागि मन्त्रालयबाट आवश्यक समन्वय र सहजीकरण गरिएको।

१८.२३ March २०२६ का दिन अबुधाबीस्थित Zayed International Airport मा ड्युटीमा रहेका बखत Shrapnel खसेर निधन भएका नेपाली नागरिक दिवस श्रेष्ठको पार्थिव शरीर नेपाल ल्याउन सहजीकरण गरिएको।

१९.२०८२ फागुन २५ गते पश्चिम एसिया क्षेत्रमा रहेका नेपाली नियोगहरू र गैरआवासीय नेपाली संघ तथा नेपाली समुदायका अन्य संघसंस्थाका प्रतिनिधिहरूसँग भर्चुअल बैठक आयोजना गरी त्यहाँ रहेका नेपालीहरूको सुरक्षा, उद्धार तथा सहायताका लागि गर्नुपर्ने समन्वय र सहकार्य तथा हाल भईरहेका प्रयासहरूबारे छलफल तथा विचार विमर्श गरिएको।

२०.पश्चिम एसियामा रहेका नेपाली नागरिकहरूको सुरक्षा तथा सो क्षेत्रको पछिल्ला घटनाक्रम सम्बन्धी दैनिक अपडेटहरू प्रेस नोट लगायत सामाजिक सञ्जालहरूमार्फत जारी गरिएको।

२१.राहदानी विभाग, विदेशस्थित नेपाली नियोगहरू तथा जिल्ला/ईलाका प्रशासन कार्यालयहरूबाट गरी फागुन महिनामा ८४,०९७ राहदानी जारी भएको।

२२.कन्सुलर सेवा विभागबाट फागुन महिनामा ५८,९४५ थान कागजातहरू प्रमाणीकरण गरिएको। यसका अतिरिक्त विभागबाट अन्य कार्यहरू नियमित रूपमा सम्पन्न गरिएको।

२३.प्राप्त निवेदन बमोजिम नियमित रूपमा गैरआवासीय नेपाली परिचयपत्रहरू जारी गरिएको।

२४.मन्त्रालय, विभागहरू तथा विदेशस्थित नेपाली नियोगहरू मार्फत वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई कानूनी सहायता तथा परामर्श प्रदान गर्नुका साथै विदेशमा समस्यामा परेका नेपालीहरूको उद्धार गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइएको।

२५.मन्त्रालय तथा अन्तर्गतका निकायबाट सम्पन्न कार्य सम्बन्धमा उठेका जनचासो तथा महत्वपूर्ण कार्यहरू सार्वजनिक कूटनीति महाशाखाबाट तत्कालै र समय-समयमा मन्त्रालयको आधिकारिक वेबसाइट लगायत सामाजिक सञ्जाल मार्फत निरन्तर रूपमा प्रकाशन र प्रचार-प्रसार गरिँदै आएको।

२६.सार्वजनिक कूटनीति महाशाखाद्वारा सञ्चालनमा ल्याइएको सामाजिक सञ्जाल Twitter(X)को ह्याण्डल @MOFANEPAL_PD बाट नेपालको प्राकृतिक सौन्दर्यका साथै कला, संस्कृति, सम्पदा प्रवर्द्धन गरी राष्ट्रको छवि अभिवृद्धि गर्ने अभिप्रायले निरन्तर पोस्टहरू सार्वजनिक गरिँदै आएको।

२७.मन्त्रालय र अन्तर्गतका निकायहरूबाट अन्य नियमित काम/सेवाहरू निरन्तर सम्पादन/प्रवाह भइरहेको।

परराष्ट्र मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल